आज मिति २०८३।०७।१३ गते शुक्रवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

क्र.सं.	दस्तखत	नाम थर	पद
१.		श्री दान बहादुर गुरुङ	गाउँपालिका अध्यक्ष
२.		श्री माया सिलवाल	गाउँपालिका उपाध्यक्ष
३.		श्री सन्तबहादुर मगर	१ नं. वडा अध्यक्ष
४.		श्री पञ्चबहादुर प्रजा	२ नं. वडा अध्यक्ष
५.		श्री नरबहादुर नेपाल	गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष
६.		श्री रुद्रप्रसाद उप्रेती	४ नं. वडा अध्यक्ष
७.		श्री तेजबहादुर शेरचन	५ नं. वडा अध्यक्ष
८.		श्री लक्ष्मण प्रजा	६ नं. वडा अध्यक्ष
९.		श्री बमबहादुर थापामगर	७ नं. वडा अध्यक्ष
१०.		श्री अन्जु चेपाङ	कार्यपालिका सदस्य
११.		श्री पार्वती गुरुङ	कार्यपालिका सदस्य
१२.		श्री टेकमाया गुरुङ	कार्यपालिका सदस्य
१३.		श्री परिमाया कामी	कार्यपालिका सदस्य
१४.		श्री राजकुमार चेपाङ	कार्यपालिका सदस्य
१५.		श्री शंखबहादुर चेपाङ	कार्यपालिका सदस्य
१६.		श्री लोक राज खत्री	सदस्य-सचिब

अन्य उपस्थितिः

१. बासु पण्डित, वरिष्ठ शाखा अधिकृत
२. तेजकुमार धमला अधिकृत
३. विपना सूर्यवंशी स.ले.अ.

कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ७७
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८३।०७।१३
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ११:०० बजे

मिति	बैठक समय	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	कैफियत
२०८३।०७।१३	११:०० बजे	वडा नं. २ घुर्केश नजिकै पहिरोले अवरुद्ध भएको मोटरबाटो सफा गर्न आवश्यक इन्धन उपलब्ध गराउने सम्बन्धमा।	पूर्वाधार विकास शाखा	१
२०८३।०७।१३	११:०५ बजे	वडा नं. १ मा पर्ने श्री चित्रकाली आधारभूत विद्यालयको जीर्ण भौतिक संरचना निर्माण तथा फर्निचर व्यवस्थापनको लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा।	पूर्वाधार विकास शाखा	२
२०८३।०७।१३	११:१० बजे	इलाका प्रहरी कार्यालय, मुग्लिङलाई डेक्सटप कम्प्युटर र प्रिन्टर उपलब्ध गराउने सम्बन्धमा।	जिन्सी शाखा	३
२०८३।०७।१३	११:१५ बजे	२०८३ सालको तिहार पर्वको अवसर पारेर ५ नं. वडामा रहेको श्री इच्छाकामना त्रिवेणी कला केन्द्रले आयोजना गर्न लागेको विविध साँस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।	आर्थिक प्रशासन शाखा	४
२०८३।०७।१३	११:२० बजे	इच्छाकामना आधारभूत अस्पतालमा सरसफाईकर्मी व्यवस्थापन सम्बन्धमा।	स्वास्थ्य शाखा	५
२०८३।०७।१३	११:२५ बजे	१५ शैयाको इच्छाकामना आधारभूत अस्पतालको लागि सङ्घीय सरकारसँग शर्शत अनुदानको रुपमा प्राप्त हुने रकम माग गर्ने सम्बन्धमा।	स्वास्थ्य शाखा	६
२०८३।०७।१३	११:३० बजे	इच्छाकामना गाउँपालिका सामुदायिक विद्यालय परीक्षा सञ्चालन/मूल्याङ्कन शुल्क अनुदान सम्बन्धी कार्यविधि, २०८३ स्वीकृति सम्बन्धमा।	शिक्षा शाखा	७
२०८३।०७।१३	११:३५ बजे	गाडी भाडा सम्झौता नविकरण सम्बन्धमा।	प्रशासन शाखा	८
२०८३।०७।१३	११:४० बजे	गाउँपालिकाको लोगो निर्माणको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने तथा सर्वोत्कृष्ट लोगो बनाउनेलाई पुरस्कार उपलब्ध गराउने सम्बन्धमा।	प्रशासन शाखा	९
२०८३।०७।१३	११:४५ बजे	सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा आ.व. २०८३।०८४ मा सञ्चालन हुने योजना छनौट सम्बन्धमा।	पूर्वाधार विकास शाखा	१०
२०८३।०७।१३	११:५० बजे	विद्यालयहरुलाई खेलकुद सामग्री उपलब्ध गराउने सम्बन्धमा।	शिक्षा शाखा	११
२०८३।०७।१३	११:५५ बजे	इच्छाकामना पञ्चमी मेला सञ्चालन सम्बन्धमा।	सामाजिक विकास शाखा	१२

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुर्सघाट, चितवन
बागमती प्रदेश, नेपाल

पूर्व बैठकको समीक्षा

मिति २०८३।०६।१२ मा बसेको ७६ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो।

मिति २०८३।०७।१३ मा बसेको ७७ औं कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं.१: वडा नं. २ घुर्केश नजिकै पहिरोले अवरुद्ध भएको मोटरबाटो सफा गर्न प्राविधिक लागत अनुमान अनुसार वडा कार्यालयको सिफारिस सहित माग भई आएको २०० लि. इन्धन उपलब्ध गराउने।

निर्णय नं.२: वडा नं. १ मा पर्ने श्री चित्रकाली आधारभूत विद्यालयको जीर्ण भौतिक संरचना निर्माण तथा फर्निचर व्यवस्थापनको लागि प्राविधिक लागत अनुमानको आधारमा शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट अधिकतम रु.४,००,०००।- (अक्षरेपि चार लाख मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.३: चट्याङको कारण कार्यालयमा रहेको कम्प्युटर, प्रिन्टर लगाएत विद्युतीय सामग्रीहरुमा क्षति पुगेको र कार्यालयको दैनिक कामकाज प्रभावित भएको कारण देखाइ सामग्री सहयोगको लागि अनुरोध भई आएकोले इलाका प्रहरी कार्यालय, मुग्लिङलाई १ थान डेक्सटप कम्प्युटर र १ थान प्रिन्टर प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी खरिद गरी उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं.४: २०८३ सालको तिहार पर्वको अवसर पारेर ५ नं. वडामा रहेको श्री इच्छाकामना त्रिवेणी कला केन्द्रले मुग्लिङमा आयोजना गर्न लागेको विविध साँस्कृतिक कार्यक्रमको लागि भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट खर्च लेख्ने गरी प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु. ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

निर्णय नं.५: इच्छाकामना आधारभूत अस्पताल, कुरिनटारको अस्पताल परिसरको नियमित सरसफाईको लागि डोर हाजिरी प्रमाणित गरी मासिक अधिकतम रु.१५,०००।- (अक्षरेपि पन्ध्र हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने गरी दैनिक ज्यालादारीमा सरसफाईकर्मी राख्ने।

निर्णय नं.६: यस गाउँपालिकाको १५ शैयाको इच्छाकामना आधारभूत अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा समेत आइसकेकोले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३/०८४ बमोजिम १५ शैयाको आधारभूत अस्पतालको लागि शशर्त अनुदानका रुपमा प्राप्त हुने जनशक्ति व्यवस्थापन, औषधी खरिद, स्वास्थ्यजन्य औजार उपकरण खरिद, फर्निचर तथा फिक्चर्स, पानी, विजुली तथा सञ्चार र फोहरमैला व्यवस्थापन शिर्षकमा उपलब्ध गराउने बजेट सङ्घीय सरकार समक्ष माग गर्ने।

निर्णय नं.७: इच्छाकामना गाउँपालिका सामुदायिक विद्यालय परीक्षा सञ्चालन/मूल्याङ्कन शुल्क अनुदान सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

निर्णय नं.८: कार्यालयले भाडामा प्रयोग गरिरहेको रत्ननगर नगरपालिका-१०, चितवनका श्री ठाकुर प्रसाद शर्माको नाममा रहेको BAE 7538 नम्बरको स्कर्पियो गाडीको करार सम्झौताको म्याद २०८३ साल असोज मसान्तबाट सकिएकोले सम्झौताको म्याद २०८३ साल कार्तिक १ गते देखि पुस मसान्त सम्मको लागि थप गर्ने।

निर्णय नं.९: खुला प्रतिस्पर्धाको माध्यमबाट इच्छाकामना गाउँपालिकाको लोगो निर्माणको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र प्रतिस्पर्धाबाट सर्वोत्कृष्ट लगोको रुपमा छनौट भएको लोगोको निर्माणकर्तालाई रु. २५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) पुरस्कार स्वरुप उपलब्ध गराउने।

निर्णय नं.१०: आ.व. २०८३।०८४ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक बोर्ड नेपालबाट विनियोजित बजेट कार्यान्वयन गर्न कालिखोला ताल्ती आधामारा सडक, इच्छाकामना-६ मर्मत सुधार योजना छनौट गरी उक्त योजना सञ्चालनको लागि आवश्यक प्रकृया पुरा गरी बोर्डबाट सहमति लिने।

लोक राज खत्री
प्रशासकीय अधिकृत

दल बहादुर गुरुङ
गाँउपालिका अध्यक्ष